# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)

सानोठिमी, भक्तपुर

## पुराना आंशिक तथा ग्रेडवृद्धि परीक्षार्थीहरूलाई कक्षा ११ र १२ को परीक्षा आवेदन फाराम भर्नका लागि अवसर प्रदान गरिएको सम्बन्धी सूचना

कक्षा ११ र कक्षा १२ सञ्चालनका लागि सम्बन्धन प्राप्त माध्यमिक विद्यालय/क्याम्पसमा अध्ययन गरी कक्षा ११ वा १२ को परीक्षामा सम्मिलित भई अङ्कन प्रणालीमा कुनै विषयमा अनुत्तीर्ण/अनुपस्थित वा अक्षराङ्कन पद्धतिमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका (पुरानो ग्रेडिङ प्रणाली अनुसार D र E ग्रेड प्राप्त गर्ने) परीक्षार्थीहरू (कक्षा १२ का लागि रजिष्ट्रेसन नम्बरको सुरुका दुई अङ्क ५६ वा सोभन्दा बढी र ७७ वा सोभन्दा कम तथा कक्षा ११ का लागि ५८ वा सोभन्दा बढी र ७८ वा सोभन्दा कम भएका) लाई **अन्तिम एक पटकका लागि** अनुत्तीर्ण भएका वा तोकिएको ग्रेड प्राप्त नगरेका विषयको परीक्षामा सहभागी हुन पाउने व्यवस्था गरिएकोले परीक्षामा सहभागी हुन चाहने उपरोक्त अनुसारका परीक्षार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र (मिति २०८१ साल मङ्सिर २७ गतेभित्र) सम्बन्धित विद्यालय मार्फत राष्ट्रिय परीक्षा बोर्डले तोकेको ढाँचामा परीक्षा आवेदन फाराम **भर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

सम्बन्धित विद्यालय/क्याम्पसहरूले आफ्ना विद्यार्थीहरूले भरेको फाराम सङ्कलन गरी रकम बुझाएको बैंक भौचर/डिजिटल भुक्तानी गरेको अवस्थामा सोको प्रमाण एवं अनलाइन इन्ट्रीको प्रिन्ट कपी सहित २०८१ साल पुस २ गतेभित्र राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयमा आवेदन फाराम बुझाउनुहुन जानकारी गराइन्छ। परीक्षा आवेदन फाराम भर्दा तपसिल अनुसार गर्नु/गराउनुहुन समेत अनुरोध छ।

१. पुराना आंशिक तथा ग्रेडवृद्धि परीक्षार्थीको रूपमा आवेदन फाराम भर्ने परीक्षार्थीहरू (रजिष्ट्रेसन नम्बरको सुरुका दुई अङ्क ५६ वा सोभन्दा बढी र ७७ वा सोभन्दा कम (कक्षा १२) एवं ७८ वा सोभन्दा कम (कक्षा ११) भएका) ले कक्षा ११ वा १२ वा दुवैमा आफू अनुत्तीर्ण वा तोकिएको ग्रेड (पुरानो ग्रेडिङ प्रणाली अनुसार D र E ग्रेड) प्राप्त गर्न नसकेको विषयमा मात्र आवेदन फाराम भर्नुपर्नेछ।
२. परीक्षा आवेदन शुल्क प्रति परीक्षार्थी प्रति खण्ड रु. १,०००/- (एक हजार) मात्र मिति २०८१/०८/२७ गतेभित्र राष्ट्रिय परीक्षा बोर्डको खातामा दाखिला गर्नुपर्नेछ।
३. प्रयोगात्मक विषय मात्र बाँकी रहेका परीक्षार्थीहरूले समेत तोकिएकै समयभित्र प्रति खण्ड (कक्षा) रु. १,०००/- (एक हजार) अनिवार्य रूपमा बुझाई परीक्षा आवेदन फाराम भर्नुपर्नेछ।
४. विद्यालयले परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम पठाउँदा रजिष्ट्रेसन गरेको वर्ष एवं रजिष्ट्रेसन नम्बरको आधारमा क्रमाङ्क मिलाई पठाउनुपर्नेछ।
५. अतिरिक्त विषयमा परीक्षा दिन चाहने परीक्षार्थीहरूले (कक्षा ११ र १२ मा बढीमा १००/१०० पूर्णाङ्क गरी कुल २०० पूर्णाङ्क) समेत परीक्षा आवेदन फाराम भर्न पाउने व्यवस्था गरिएको छ।
६. अतिरिक्त विषयमा परीक्षा दिन चाहने परीक्षार्थीहरूले सक्कल माइग्रेसन (कुनै शैक्षिक संस्थामा सक्कल माइग्रेसन बुझाएको भए सो संस्थाको सिफारिस पत्र) अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
७. परीक्षा आवेदन फाराम भर्ने परीक्षार्थीहरूले पुरानो पाठ्यक्रम अनुसार परीक्षामा सहभागी हुनुपर्नेछ। एउटै नाम भएका विषयको पूर्णाङ्क फरक परेको अवस्थामा आफूले जति पूर्णाङ्कको अध्ययन गरेको हो सोही पूर्णाङ्क बमोजिम परीक्षा दिनुपर्नेछ। (जस्तै : Environment Education, Introduction to Education, Education Pedagogy, Mass-communication आदि)।
८. परीक्षा केन्द्र तथा परीक्षाको समय तालिका आवेदन फारामको सङ्ख्या अनुसार पछि तय गरी प्रकाशित गरिनेछ।
९. प्रयोगात्मक र सैद्धान्तिक दुवै विषयमा परीक्षा दिनुपर्ने परीक्षार्थीले परीक्षा आवेदन फाराममा दुवै (सैद्धान्तिक र प्रयोगात्मक) विषयको कोड उल्लेख गर्नुपर्नेछ।
१०. खारेज भएका वा हाल सञ्चालनमा नआएका विद्यालयमा अध्ययन गरेका परीक्षार्थीहरूले समेत राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयहरूमा सीधै सम्पर्क राखी आवेदन फाराम बुझाउनुपर्नेछ।
११. परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले भरेको हुनुपर्नेछ। परीक्षार्थीको उक्त विवरणलाई विद्यालयले अनलाइन (Online) मार्फत प्रविष्टि (Entry) गर्ने व्यवस्था मिलाउनुपर्नेछ। अनलाइन (Online) मार्फत प्रविष्टि (Entry) गर्नका लागि बोर्डको अनलाइन प्रविष्टि (Online Entry) सँग सम्बन्धित **https://exam.neb.gov.np** portal अथवा बोर्डको Website: **www.neb.gov.np** मा गई Online Exam Form (Class 12) मा Click गरे पश्चात् प्राप्त विवरण अनुरूप समेत Entry गर्न सकिनेछ। साथै परीक्षा आवेदन फारामको अनलाइन (Online) इन्ट्री मिति २०८१ मङ्सिर १ गतेदेखि पौ. मसान्तसम्म खुला गरिने हुँदा सोही अनुसार समयमै आवेदन फारामको अनलाइन प्रविष्टि (Online Entry) गर्नुहुन सम्पूर्ण विद्यालयहरूलाई अनुरोध गरिन्छ।
१२. परीक्षा आवेदन फाराम बापतको शुल्क राष्ट्रिय वाणिज्य बैंकमा रहेको बोर्डको सम्बन्धित कार्यालयको खातामा सीधै भौचर मार्फत वा System मा रहेको Payment Gateway हरू प्रयोग गरी जम्मा गर्न सकिनेछ। डिजिटल भुक्तानी गरेको अवस्थामा सोको प्रमाण समेत अनिवार्य रूपमा फाराम साथ पेश गर्नुपर्नेछ।
१३. राष्ट्रिय परीक्षा बोर्डका कार्यालयहरूले आ-आफ्नो क्षेत्र भित्रका विद्यालय/क्याम्पसहरूलाई यसै सूचना अनुसार जानकारी गराई कार्य सम्पादन गर्नु/गराउनुहुन अनुरोध गरिन्छ।

- परीक्षा नियन्त्रक